# आर्थिक वर्ष २०७८/०७९ को संशोधित बजेट अनुमान तथा प्रगति प्रतिवेदन

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

२०७८ पौष २८ गते

नगरसभाको बैठकमा २०७८ साल पौष २८ गते बुधबारका दिन नगर उपप्रमुख श्री सञ्जु बरुवालज्यूले प्रस्तुत गर्नुभएको

# आ.व.२०७८/०७९ को संशोधित बजेट अनुमान तथा प्रगति प्रतिवेदन

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आदरणीय सभाध्यक्ष महोदय,

१. बिगतमा लगानी बढी हुने तर त्यसको प्रतिफल कम हासिल हुने गरेको यथार्थलाई हटाउँदै थोरै लगानीमा धेरै प्रतिफल हासिल गर्ने अठोट एवं विश्वासका साथ तर्जुमा गरिएको निर्वाचित स्थानीय सरकारको अन्तिम वर्ष आ.व. २०७८/०७९ को संशोधित बजेट तथा हालसम्मको प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुशी व्यक्त गर्दछु ।

२. कोभिड १९ को सङ्कटका समयमा समेत नागरिकका आवश्यकता र सुविधाका लागि योजना तर्जुमा र विनियोजित बजेट कार्यान्वयन गर्ने चुनौती हुँदाहुँदै बेनी नगरपालिकाको समृद्धि र समुन्नतिका लागि जनताको विचार र भावनाको प्रतिबिम्ब हुने गरी नै यो संशोधित बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिएको विश्वास दिलाउन चाहन्छु ।

आदरणीय अध्यक्ष महोदय,

३. चालु आर्थिक वर्षको संशोधित बजेट तयार गर्दा नगरसभाले गरेको संकल्प तथा सहभागितमूलक पद्धति बमोजिम यस नगर क्षेत्रभित्रका विषयविज्ञ, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरु, राजनैतिक दल, नागरिक समाज, विभिन्न समूह, सँगठन तथा गैरसरकारी संस्थाबाट प्राप्त सुझाव सल्लाहलाई समेत मार्गदर्शनको रुपमा लिएकी छु । नेपालको संविधान, सङ्घीय तथा प्रदेशको आवधिक योजना तथा नगरसभाको नीति तथा कार्यक्रमलाई संशोधित बजेट तर्जुमाको आधार बनाएकी छु र नगर कार्यपालिकाबाट स्वीकृत भएको संशोधित बजेटलाई नै यहाँहरुमाझ प्रस्तुत गरेकी छु ।

४. नगरसभाबाट अनुमोदनका लागि सम्बन्धित वडा समितिबाट संशोधनका लागि सिफारिश भै आएका तथा थप योजनाहरुको विवरण तल अनुसूचिमा राखेकी छु ।

५. अब म चालु आव को समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

असार १० गतेको सभामा प्रस्तुत भै १३ गतेको सभावाट पारित भएको आ.ब. २०७८/०७९ का लागि प्रस्तावित चालु तर्फ ४२ करोड ७८ लाख ८२ हजार र पुँजिगत तर्फको २३ करोड २६ लाख ८५ हजार गरी कुल वजेट ६६ करोड ५ लाख ६७ हजार रुपैया मा बिभिन्न समयमा बसेको कार्यपालिकाको बैठकबाट बिनियोजन गरिएको रकम रु ४ करोड लाख ९६

हजार समेतलाइ समावेश गरी चालु तर्फ ४५ करोड ८१ लाख १० हजार र पुँजिगत तर्फ २४ करोड ९६ लाख ६१ हजार गरी कूल ७० करोड ७७ लाख ७१ हजार रुपैयाँको संशोधित बजेट अनुमान यस सम्मानित सभामा अनुमोदनका लागि पेश गर्दछु ।

६. आन्तरिक आयतर्फ चालु आ.ब. २०७८/०७९ का लागि ४ करोड १२ लाख आम्दानी हुने प्रक्षेपण गरिएकोमा २०७८ पौष २५ सम्म १ करोड ६९ लाख २९ हजार ८ सय ४५ रुपैया संकलन भई कुल अनुमानको ४१.०९ प्रतिशत आन्तरिक आय उठाईसकिएको अवस्था छ । बिगतको बक्यौता रकम असुल उपरका लागि आवश्यक पहल गरिनुका साथै सार्वजनिक जग्गा वहाल बिटौरी नबीकरण कार्य निरन्तर भैरहेको जानकारी गराउन चाहन्छु । राजस्व बक्यौता असुल उपर गर्न तथा आन्तरिक आय बढाउन करको दरलाई यथावत राखी दायरा बृद्धि गर्दै स्वतन्त्र रुपमा अध्ययन अनुसन्धान एवं आवश्यक पहलका लागि भाडा निर्धारण तथा राजश्व बक्यौता असुल उपर समितिलाई नियमित परिचालन गरिएको छ ।

आदरणीय अध्यक्ष महोदय,

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि संशोधित बजेट विनियोजन र स्रोतको व्यवस्थाको योजना प्रस्तुत गर्दछु :

७. चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न नेपाल सरकारबाट प्राप्त भएको सशर्त अनुदान ३१ करोड ८१ लाख १० हजार र प्रदेश सरकारबाट प्राप्त भएको रकम ५० लाख गरी कुल ३२ करोड ३१ लाख १० हजार रहेको व्यहोरा जानकारी गराउँदछु । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको सशर्त अनुदान सम्बन्धित सरकारले नै तोकेका कार्यक्रममा खर्च गरिनेछ । वित्तिय हस्तान्तरणबाट प्राप्त भएको वित्तिय समानीकरण अनुदान र नगरपालिकाको चालु आ व मा उठ्न सक्ने अनुमानित आय समेतका आधारमा चालु आर्थिक वर्षको क्षेत्रगत नीति तथा कार्यक्रमहरुका लागि ५८ करोड ९१ लाख २२ हजार ३ सय रुपैया खर्च हुने अनुमान गरेकी छु । कुल संशोधित बजेट मध्ये चालुतर्फ ३८ करोड ९३ लाख ९३ हजार ५ सय र पुँजिगत तर्फ १९ करोड ९७ लाख २८ हजार ८ सय गरी क्रमश: ८५ र ८० प्रतिशत खर्च हुने अनुमान गरेकी छु ।

आदरणीय सभाध्यक्षज्यू

अब म चालु आ.व. को हालसम्मको क्षेत्रगत प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमती चाहन्छु

चालु आ व का लागि छुट्याइएको कुल बजेटमा चालु तर्फ १६ करोड ८५ लाख ४ हजार ६ सय १० रुपैया खर्च भएको छ भने पुँजिगत तर्फ २ करोड ९५ लाख ३५ हजार ५ सय ३९ रुपैया बजेट खर्च भई चालु र पुँजिगत तर्फ क्रमश: ३७.५८ प्रतिशत र १२.४८ प्रतिशत प्रगति हासिल भएको छ ।

८. योजनातर्फ चालु आ.व. मा सम्पन्न गर्ने गरी छनौट भएका कुल ४७० योजना मध्ये हालसम्म ३० वटा योजना सम्पन्न भै सकेका छन् भने ४३ योजनाको समेत सम्झौता सम्पन्न भएको छ । अन्य योजनाहरु समेत क्रमश: कार्यान्वयनको चरणमा रहेका छन् ।

९. कृषि तर्फ बाली कटानको कार्य सम्पन्न गरिएको छ । वर्षाबाट धानबालीमा क्षति पुगेका किसानहरुको विवरण सङ्कलन गर्ने कार्य अगाडी बढाइएको छ । रासायनिक मल बिक्री वितरणमा एकरुपता कायम गर्न ३ वटा कृषि सहकारीहरुलाई सूचिकृत गरिएको छ । कृषकहरुको माग बमोजिम हिउदे फलफुलका बेर्ना वितरण कार्यक्रम संचालन गरिएको छ त्यस्तै मिनिटेलर हलो, प्लास्टिक टनेल ,थोपा सिचाइ सेट ,मौरी घार तथा साना सिचाइ कार्यक्रम कार्यान्वयनको क्रममा रहेका छन् ।

१०. कोभिड १९ बिरुद्धको खोप अभियानलाई तीव्र गतिमा अघि बढाइएको छ । नगरक्षेत्रभित्र पूर्ण खोप लगाएका व्यक्तिहरुको संख्या १९८०८ जना पुर्याइएको छ। १२ वर्ष देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरुका लागि सम्बन्धित विद्यालयमै खोप लगाइएको छ । सि.आई.सि.टी. टिमलाई तयारी अवस्थामा राखिएको छ । कोरोना बिरुद्ध आवश्यक तयारी तथा प्रतिकार्यका लागि कोरोना नियन्त्रण कोषको व्यवस्था गरिएको छ । महिलाहरुका लागि पाठेघरको क्यान्सर स्क्रिनिङ सम्बन्धी शिविर सञ्चालनमा रहेको छ ।

११. यु.एन.डि.पी. को सहयोगमा कोभिड १९ को खोप दर्तालाई विद्युतीय माध्यमबाट दर्ता गरिएको छ । स्वास्थ्य संस्थाहरुमा विभिन्न किसिमका प्रविधि हस्तान्तरण गरिएको छ । साथै विपन्न वर्गहरुको पहिचान गरी उनीहरुको जीविकोपार्जनका लागि विभिन्न क्रियाकलाप सञ्चालन गर्ने तय गरिएको छ ।

१२. पशु सेवातर्फ औषधि तथा खोप खरिद गरी नगरक्षेत्रभित्रका विभिन्न वडामा सेवा प्रवाहलाई निरन्तरता दिइएको छ ।रेविज दिवसको उपलक्ष्यमा ४० कुकुरलाई निशुल्क खोप कार्यक्रम संचालन गरिएको छ ।लागत साझेदारीमा गोठ खोर सुधार निर्माण कार्यक्रम संचालन प्रक्रियामा रहेको छ त्यस्तै पशु नश्ल सूधार कार्यक्रम अन्तरगत हालसम्म ४० वटा गाइ भैंसीलाइ कृत्रिम गर्भाधान गरिएको छ।।हालसम्म नगरक्षेत्र भित्रका करिब १५०० पशुको उपचार भएको र हिउँदे घाँस, जै, भेज विउ खरिद गरी १७१ कृषकलाई वितरण गरिएको छ ।

१३. मनसुनजन्य विपद तथा अन्य विपदबाट पूर्ण क्षति भएका ३७ वटा घरहरुको पुनर्निर्माण कार्यका लागि जिल्ला विपद व्यवस्थापन समितिमा पठाइएको छ । तत्काल राहत एवं उद्धारका लागि जम्मा रु ३२ लाख खर्च गरिएको छ ।

१४. शिक्षातर्फ दरबन्दी मिलानको दोस्रो चरणको कार्य सम्पन्न भएको छ । विद्यालयमा आइ.सि.टि. पुस्तकालय, विज्ञान प्रयोगशालाको लागि सम्झौता अघि बढाइएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम प्राथमिकीकरण गरी पठाइएको छ ।

१५. नगरपालिका भित्रका प्रत्येक वडा कार्यालयहरुमा व्यक्तिगत घटना दर्ता अनलाईन मार्फत् सुरु गरिएको छ । सामाजिक सुरक्षा भत्ता वितरण अन्तर्गत प्रथम चौमासिकमा व्यवस्था मिलाइएको छ ।

१६. नगरपालिकाका १० बटै वडाबाट ५०४ जना बेरोजगार व्यक्तिहरुको विवरण संकलन गरी EMIS प्रविष्टि गरीसकिएको छ, त्यस्तै प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत २१ वटा योजनाहरुमध्ये ५ वटा योजना सम्झौता भई १ योजना सम्पन्न भएका छन् ।

१७. बेनी नगरक्षेत्रमा ९० जना नया उद्यमी सृजना र ५० जना स्तरोन्नति गर्ने लक्ष्य रहेकोमा हालसम्म ५० जना नया उद्यमीलाई उद्यमशीलता तालिम प्रदान गरिएको छ ।

१८. सहकारीहरुको व्यवस्थित तथा प्रभावकारी अभिलेखका लागि सहकारी व्यवस्थापन सूचना प्रणाली प्रयोगमा ल्याइएको छ । सहकारी संस्थाको व्यावसायिक विवरण संकलन गरी त्यसलाई राजश्व सूचना प्रणालीमा आबद्ध गर्ने प्रयास गरिएको छ ।

१९. न्यायिक समितिलाई सक्रिय तुल्याइएको छ । स्थानीयस्तरमै विवाद समाधानका लागि मेलमिलापकर्ता तयार गर्न ८ दिने मेलमिलाप तालिम सम्पन्न गरिएको छ । न्यायिक समितिमा हालसम्म ११ वटा मुद्दा दर्ता भएकोमा २ वटा फर्छ्यौट भई ९ वटा समाधानको प्रकृयामा रहेका छन् ।

२०. महिला विकासतर्फ लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियानलाई वडा तहसम्म पुर्याइएको छ । बालविवाह बहुविवाह र महिला हिंसा बिरुद्धको जनचेतना अभिवृद्धिका सकारात्मक प्रयासहरु गरिएको छ । २ स्थानमा ज्येष्ठ नागरिक तथा अपाङ्ता परिचयपत्र वितरण शिविर सञ्चालन गरिएको छ ।

आदरणीय अध्यक्ष महोदय

२१. निर्वाचन सम्पन्न भई कार्यभार सम्हालेको अन्तिम वर्षको बजेट तर्जुमामा संलग्न हुँदै गर्दा सीमित स्रोतको विनियोजनबाट धेरै जनताको अपेक्षा र चाहना सम्बोधन गर्नुपर्ने चुनौती हुँदाहुँदै पनि नगरपालिकाको आम्दानी अभिवृद्धि गरी पुँजिगत खर्च बृद्धि गराउनमा सम्पूर्ण जनप्रतिनिधिहरुबाट सार्थक प्रयास गरिएको महशुस गर्दछु एवं सोही बमोजिमको आभाष दिलाउन चाहन्छु । बजेट कार्यान्वयनमा सबै पक्षहरुको सकारात्मक सहयोग र अर्थपूर्ण सहभागिता हुने विश्वास लिएको छु । बजेट तर्जुमाको कार्यमा सहयोग पुर्याउनुहुने नगरपालिकाका कर्मचारी साथीहरु लगायत अन्य सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, बजेट कार्यान्वयनमा दृढ सङ्कल्पित रहँदै यसमा आ-आफ्नो क्षेत्रबाट सबैको सक्रिय सहयोग र सहभागिताको अपेक्षा राखेकी छु ।

।।।धन्यवाद ।।।